# CALL FOR AN URGENT JUSTICE MECHANISM for Repatriated Migrant Workers

## स्वदेश फर्काईएका आप्रवासी कामदारहरुकालागि तत्काल न्याय संयन्त्रकोलागि आव्हान

कोभिड–१९ को महामारीले गन्तव्य मुलुकहरुमा लाखौं आप्रवासी कामदारहरुलाई गम्भीर असर पुर्‍याएको छ, जसमध्ये धेरै मानिसहरुले रोजगारी गुमाएका छन् वा ज्याला (पारिश्रमिक) पाएका छैनन्, कतिपय कामदारहरुलाई रोजगारदाताहरुले वेतलवि बिदा लिन वा कम ज्याला (पारिश्रमिक) मा काम गर्न वाध्य पारेका छन् भने निम्नस्तरको जीवन यापन (बसोबास)मा सीमित गरिएको छ र उनिहरुको अगाडि कामको न्युन विकल्पहरु वा काममा संलग्नताकालागि कुनै विकल्पहरु नरहेको अवस्था छ । धेरै भन्दा धेरै आप्रवासी कामदारहरु यस परिस्थितिमा आफ्नो मुलुक फर्कन पाउने अधिकारको अभ्यास गर्ने दुविधासँग संघर्ष गरिरहेका छन् भने अरुहरु सेवा वा समर्थन (सहयोग)को पहुँच विना विभिन्न शहरहरुमा वा सिमा क्षेत्रमा अलपत्र परेका छन् त कतिपय कथित क्वारेन्टाइन सुविधाको रुपमा खडा गरिएको स्थानमा अनिश्चितताका साथ बसि रहेका छन् ।

आप्रवासी कामदारहरुको भविष्य तथा तिनीहरुको फर्कनु पर्ने अपरिहार्यतालाई कुनै विचार नै नगरी गन्तव्य र उत्पत्तिका देशहरुले यी श्रमिकहरुको स्वदेश फिर्ति प्रक्रिया शुरु गरेका छन् । लाखौं कामदारहरु खालि हात फर्कनु पर्दा ऋणको भारमा पर्ने हुन्छ किनकि उनिहरु भर्ती र लागत शुल्क तिर्न वाध्य हुन्छन् ।

माथिका अवस्थाहरुमा, स्वदेश फिर्तीले थप चुनौतीहरु खडा गर्नेछ किनभने यथोचित नियन्त्रण बिना रोजगारदाताहरुले यस सामूहिक स्वदेश फिर्ताको कार्यक्रमको लाभ लिन सक्दछन् र कामदारहरुलाई उनिहरुले प्राप्त गर्न बाँकी रहेको क्षतिपुर्ति,ज्याला र सुविधाहरुको भुक्तानी बेगरै कामबाट निश्कासन तथा फर्काउन सक्दछन् । कम्पनीहरु र रोजगारदाताहरुबाट फर्काईएका आप्रवासी कामदारहरुको मानव अधिकार र श्रम अधिकारको संरक्षण हुने कुराको सुनिश्चितता नगरी र अनुगमन विना र प्रक्रियागत कुरालाई नजरअन्दाज गरी आप्रवासन कोरीडोरमा रहेका राज्यहरुले कामदारहरुलाई फर्काउनाले लाखौं कामदारहरुले आर्जन गरेको ज्याला वा कार्यस्थलसँग सम्बन्धित गुनासो बिना सुनुवाई र न्यायको अनुभुति विना नै फिर्ता हुनु पर्ने स्थीति आउनेछ ।

यो स्थीति भनेको उनिहरुको श्रम अधिकार र उक्त कामकोलागि मर्यादित पारिश्रमिक/आयको साथमा क्षतिपुर्ति पाउन सक्ने अधिकारको गंभिर उल्ङ्घन हो । यस स्थीतिमा आप्रवासी कामदारहरुको लाखौं डलर बराबर तलब हिनामिना (हानी) हुनेछ र व्यवसाय तथा रोजगारदातालाई फाईदा भएतापनि उनिहरु उत्तरदायीत्वबाट उन्मुक्त हुने छन् जबकि राज्यहरु र बैंकहरुले पुर्नस्थापना हुन र नयाँ काममा समायोजन हुन उनिहरुलाई मद्त गर्ने अवस्था देखिन्छ ।

लकडाउनका कारण अदालतहरु र अन्य श्रम विवाद संयन्त्रहरु पनि बन्द रहेको विध्यमान अवस्थामा उत्पति तथा गन्तव्य दुबै देशहरुले हडबडाहटमा विना उचित उपचार (समाधान) संयन्त्रको निर्माण विना नै कामदारहरुको स्वदेश फिर्ती प्रक्रियालाई आत्मसाथ गरेकाले यस प्रकारका उल्ङ्घनहरुको थुप्रो बढ्दै जाने वा संबोधन नहुने वा हाल विध्यमान वैकल्पिक विवाद समाधानका संयन्त्रलाई बोझमा पार्नेछ ।



*यस सन्दर्भमा माईग्रेन्ट फोरम ईन एसिया (एम.एफ.ए),लयर्स वियण्ड बोर्डर नेटवर्क (एल बि बि),क्रस रिजनल सेन्टर फर माईग्रेन्टस् एण्ड रिफिउजीस्  (सि सि आर एम), साउथ एशिया ट्रेड युनियन काउन्सिल(सारटुक) र सोलिडारिटी सेन्टर (एस सि) उत्पत्ति र गन्तव्य देशहरुलाई निम्न उदेश्यहरुको साथ तत्काल संक्रमणकालीन न्याय संयन्त्र स्थापनाकालागि आव्हान गर्दछ।*

१.संक्रमणकालीन न्याय संयन्त्रले महामारीको परिणाम स्वरुप आफ्नो जागिर गुमाई स्वदेश फर्काईएका कामदारहरुको गुनासो,दाबी र श्रम विवादलाई सम्बोधन गर्नेछ। त्यो संयन्त्र निःशुल्क, शीघ्र,पहुँच योग्य, बहन योग्य र प्रभावकारी हुनु आवश्यक छ।

२.स्वदेश फर्काईएका सम्पूर्ण कामदारहरुको वैध दावी उपर न्यायमा पहुँच र कुनै न कुनै प्रकारको क्षतिपुर्ति प्राप्त गर्न सक्षम छन् भन्ने कुराको प्राथमिकता सुनिश्चित गर्नु पर्दछ।

३.विशेष गरी श्रम विवादसँग सम्बन्धित मुद्धाहरु विना ढिलासुस्ती द्रुत ढंङ्गले समाधान हुने कुराको सुनिश्चितता गर्नु अत्यन्त महत्वपूर्ण छ भने कामदारहरु उत्पतिको देशमा फर्कि आए पश्चात आफ्नो मुद्धाको उठान गर्न सक्ने कुराको सुनिश्चितताकालागि सुरक्षणको प्राव्धान हुनु पर्दछ। कानुनी सल्लाह र सहयोगमा पहुँच, अख्तियारनामाको प्रक्रिया र अदालतमा उपस्थिति वा व्यक्तिगत बकपत्रकालागि अथवा न्यायाधिकरण/ उजुरी संयन्त्र को अगाडि उपस्थिति जस्ता प्रक्रियाहरुमा सहजिकरण र सरलिकरण महत्वपूर्ण छ।

४.राज्यहरुले रोजगारदाता र व्यवसायहरुलाई रोजगार सम्बन्धी सबै रेकर्डहरु राख्न लगाउनु पर्दछ जसमा हाजिरी (पे रोल), कर्मचारी सूचि र काम गरेको घण्टा पर्दछन् र कामदारहरुलाई उनीहरुको रेकर्डको प्रतिलिपि लिएर राख्ने अनुमति हुनु पर्दछ।

यदि हामीलाई सशक्त रुपमा पुर्नउत्थान (विल्ड व्याक व्यटर) हुनु छ भने विगत लामो समय देखि आप्रवासन कोरिडरमा विध्यमान पारिश्रमिक चोरी (हिनामिना)को विषयलाई आँखा चिम्लेर सहे झै निरन्तरता दिन सक्दैनौं र कोभिड–१९ महामारीका कारण स्वदेश फर्काईएका आप्रवासी कामदारहरुको मामलामा नजरअन्दाज हुनेछैन्।

कोभिड–१९ महामारी भन्दा पूर्व पनि धेरै आप्रवासी कामदारहरुले महिनौ तथा वर्षौंसम्मको अनुचित वा बक्यौता पारिश्रमिक को रुपमा पारिश्रमिक चोरी (हिनामिना)को स्थीतिसँग मेलमिलाप गरेका छन्। यसलाई तिनीहरुले आफ्नो भाग्यको रुपमा स्वीकारेका छन् र रोजगार गुमाउने, स्थीति अझ नाजुक हुने तथा अवैधानिक बनाईने डरले गर्दा गुनासो गर्नबाट विमुख भई बसि रहेका छन्।

प्रत्येक वर्ष मजदुरी/पारिश्रमिक चोरीका कारण लाखौं डलर सम्भावित विप्रेषण हराई रहेको छ यद्पि उत्पतिका मुलुकहरु पनि आप्रवासी कामदारहरुको व्यवस्थापनकालागि नयाँ श्रम बजारको अन्वेषण गरि रहेका छन् भने गन्तव्य मुलुकहरु पनि सस्तो र शोषण गर्न सक्ने श्रम जनशक्तिको खोजिमा लागी परेका छन्।

कोभिड–१९ महामारीको समयमा राज्यहरुले उचित अनुगमन विना आप्रवासी कामदारहरुको स्वदेश फिर्ति गर्नु भनेको आप्रवासी कामदारहरुले भोग्नु परेका अन्याय, रोजगारदाता र आप्रवासी कामदारहरु माथिको हिंसाका अभियुक्तहरुलाई उन्मुक्ति दिन र वैधानिक दाबी तथा गुनासाहरुका सबै अभिलेखहरु हटाउने कार्यलाई मात्र प्रोत्साहन वा सेवा गर्नेछ।

लाखौं कामदार जो स्वदेश फर्किएका वा फर्काईने छन्, उनिहरुको फिर्तिले समग्र परिवारको विकास पथलाई असर गर्नेछ, जो आउँदा पुस्ताको उज्वल भविष्यकालागि एक मात्र आशाका श्रोत हुन्। कोभिड–१९ महामारीका कारण यी सपनाहरु र आप्रवासी कामदारहरुको यात्रा अवरोध हुनु हुँदैन्।

यदि यतिबेला यी यावत समस्याहरुलाई संम्बोधन गरिएन भने आप्रवासनलाई विकाससँग जोड्ने प्रवृतिहरु सदाकालागि गुमाउने जोखिम हुनेछ जबकि कालान्तर सम्म आप्रवासी कामदारहरुका यी सामुहिक अन्यायका कथाहरुको हामी साक्षी बनि राख्नु पर्नेछ।

## ENDORSED BY:

All Nepal Peasants' Federation (ANPF)
ASEAN Parliamentarians for Human Rights (APHR)
Asian Peoples' Movement on Debt and Development (APMDD)
Building and Wood Workers International (BWI) Asia Pacific
Business & Human Rights Resource Centre
Civil Society Action Committee (AC)
Civil Society Women Organization (CSWO)
Campaign for Good Governance-SUPRO
DIGNIDAD Coalition
Environics Trust
Equidem
Equidem Nepal
Fishworkers Forum
Focus on the Global South
Freedom from Debt Coalition
Growthwatch India
HIMALAYA Nithi Abhiyan
Human Rights Watch
Indian Social Action Forum
International Trade Union Confederation (ITUC)
Migrant-Rights.Org
Mines Minerals and People
National Network for Safe Migration (NNSM)
Pacific Islands Association of Non-Government Organisations (PIANGO)
Pakistan Kissan Rabita Committee (PKRC)
Public Services International (PSI)
Sanlakas Philippines
UNI Asia and Pacific (UNI APRO)
Woman Health Philippines